M03/178/S(1)

**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NEPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÍ A1 – NIVEL MEDIO – PRUEBA 1**

Monday 19 May 2003 (morning)
Lundi 19 mai 2003 (matin)
Lunes 19 de mayo de 2003 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- Ne pas ouvrir cette épreuve avant d'y être autorisé.
- Rédiger un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.

*तल दिइएका कविता अथवा निबन्धको टिप्पणी लेख्नुहोस् । तपाईंलाई दिइएको कविता वा निबन्धको अन्त्यमा निर्देशन गरिएका प्रश्नहरूमा सोझै आधारित भएर उत्तर लेख्न अनिवार्य छैन तर तपाईंले चाहेमा तिनीहरूलाई प्रयोग गर्न सक्नुहुन्छ ।*

१.(क)

म आफ्नो देशको छहरामा हुन्छु
म आफ्नो देशको पहरामा हुन्छु ।
मलाई मुस्कानको जस्तो यौवन चाहिन्छ
मलाई जीवनको जस्तो बिहान चाहिन्छ
आफ्नो बाटोमा हिंड्दा हिंड्दै
आफ्नै देशको बगरमा किन नबिलाऊँ म ?
एउटा उज्यालो छर्दा छर्दै
आफ्नै देशको सागरमा किन नहराऊँ म ?
तर चन्द्रसूर्य छोएर भन्न सक्तछु
म आफ्नो देशको छहरामा हुन्छु
म आफ्नो देशको पहरामा हुन्छु
मलाई सगरमाथाको नेपाल चाहिन्छ
मलाई नेपालको सगरमाथा चाहिन्छ
सम्पूर्ण नेपाल र नेपालीको आस्था र प्रतिष्ठा चाहिन्छ
त्यसैले संसारलाई हेर्ने
हामीलाई एउटा नयाँ दृष्टि चाहिन्छ
नेपाल र नेपालीको एउटा नयाँ सृष्टि चाहिन्छ
किनभने
हामी आँखामा गुराँस
र हत्केलामा सुनगाभा लिएर जन्मिरहेछौं
हामी हृदयमा सगरमाथा
र खुट्टामा पहाड लिएर उठिरहेछौं
त्यसैले चन्द्र र सूर्य छोएर भन्न सक्तछु
म आफ्नो देशको छहरामा हुन्छु
म आफ्नो देशको पहरामा हुन्छु ।

हिमांशु थापा, खुकुरीमाथि एक चौटा बादल" **आँखाको गुराँस र हत्केलाको सुनगाभा** "(काठमाडौं : युगान्तर प्रकाशन २०३९)

उक्त कवितामा प्रयोग भएको भाषाको वर्णन गर्नुहोस् ।

उक्त कवितामा व्यक्त भएको प्रेमभाव कसप्रति कसरी केन्द्रित भएको छ ?

उक्त कविता पढेसकेपछि तपाईका मनमा जन्मिएका प्रतिकिया के-के हुन् ?

१. (ख)

एक दिन ठूलो भक्ति र शिष्टताका साथ विनीत भएर आमाबाबुछेउ मैले बिन्ती गरें - "मेरो जुँगा साह्रै नसुहाउँदोसँग बढेर लामो भइरहेको छ, फेरि नाना रंगको भएर टाटेपाटे पनि छ, आजकाल सबै जुँगा खौरन्छन् पनि, म पनि खौरन सक्छु ?" वात्सल्य भावमा मेरो पिताज्यूले भन्नुभयो - " म तिम्रो मुख होइन, हृदय चाहन्छु । तिम्रो हृदयमा भक्ति छभने तिम्रो मुखको बाजा चाहिंदैन । लामो-लामो जुँगा पाली पितृभक्तिको विज्ञापन गरेर भित्रैभित्र लात हान्ने छोरा छोरा होइन, यस कारण म तिम्रो जुँगामा लटकेर होइन, तिम्रो हृदयमा बस्न चाहन्छु । "

मेरा पिताज्यूको भनाइमा मैले ठूलो सत्यता देखें । मैले ठानेको थिइन, उहाँ जस्ता पुराना युगका मानिसले पनि यस्तो आधुनिक भावको विचार गर्नुहोला । पेटको कीरा मारिदिनुहोला भन्ने मलाई डर भएको थियो । अरू के चाहियो ? लालमोहर मैले पाइहालें । हर्षले उफ्रेर मैले तुरुन्तै जुँगालाई सफाचट गरिहालें ।

जुँगालाई उडाइसकेपछि आफूलाई मैले अर्कै देखें । अनुहारमा पनि अर्कै भाव परिणत भएको देखें । मानो भूतबाट चौता भएको जस्तो आफूलाई मैले ठानें त्यस्तरी मेरो मुख शान्त र सुन्दर देखियो । अनि मैले खूब ऐना हेर्न थालें । दिनदिनै ऐना हेर्ने बानी बढ्दै गयो । मलाई बडो गजब लाग्यो, जुँगा नराखेदेखि दिनदिनै जसो बढ्ता मात्रामा मेरो चेहरामा शान्त भाव र विचारको रेखा अंकित हुन लागेको देखें । अनि मेरो हृदय पनि नम्रता र शान्तितिर विशेष झुक्दै जान लागेको देखें । मेरो जुँगा नभएको चेहरा देखेर अघि मदेखि डराउने र थुरथुर काम्ने मेरो तालुकका मानिसहरू पनि मसँग सोझो कुरा गर्ने र सल्लाह दिन नडराउने भएर आए । जुँगालाई खौरेर मैले गजबको शान्तिमय परिवर्तन पाएँ । आफ्नो प्रकृति र प्रवृत्ति शान्तिमय वातावरणमा झुक्न लागेकोले जग र जीवन मलाई झन-झन सुन्दर लाग्दै आयो ।

मैले दिनदिनै जुँगा खौरनथालें । शौच-स्नानलाई जस्तै मैले जुँगा खौरनु पनि सफाइसम्बन्धी दिनचर्या मध्ये एउटा मुख्य ठान्न लागें । उठ्नासाथै पहिलो कर्तव्य जुँगा खौरनु नै ठानें । उठ्नासाथै खौरने गरेर मेरो प्रवृत्ति शान्तितिर झुकेको कारण मैले यो पनि पत्ता लाएँ कि उठ्नासाथै मैले पहिले आफ्नै अनुहार दर्शन गर्ने अवसर पाएँ । त्यसबाट यो फाइदा भयो कि मैले आफ्नो चेहरामा प्रशन्नता, शिष्टता, शान्तिमयता र नम्रताको भाव देख्न चाहन थालें ; कहिलेकाहीँ यिनैको विपरीत भाव देखापरेपछि शर्माउन र पछुताउन परेर पनि मैले शील र सौन्दर्यको जगत्‌मा जान पाइरहें । जुँगालाई पालिराख्ने गर्दाखेरि ऐना हेर्ने अवसर कम भएकोले पनि म शील र सौन्दर्यको जगत्‌बाट टाढा भइरहेको हुँला । वास्तवमा जुँगा खौरने गरेकोले ऐना हेर्ने अवसर पनि मैले ज्यादा पाएकोले मलाई बडो हर्ष लागिरहेछ, मैले पत्ता लगाएँ कि ऐना हेर्ने गर्नाले हाम्रो हृदयभित्रका 'कु' र 'सु' भाव अनुहारमा प्रतिविम्बित हुने हुनाले 'कु' भावदेखि शर्माएर 'सु' भावको झुकानमा हाम्रो चेष्टा जाँदोरहेछ ।

हृदयचन्द्रसिंह प्रधान, जुँगा तेस्रो सं. *"जुँगा"* (काठमाडौं : साझा प्रकाशन २०३५) पृ. ५ ।

उक्त निबन्धले समजका कुन वर्ग र पक्षप्रति व्यङ्ग्य गरेको छ ?

उक्त निबन्धले के-के सन्देश दिएको छ ?

उक्त निबन्ध पढेपछिको तपाईंको व्यक्तिगत प्रतिकिया के हो ?